# सुखीपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुखीपुर , सिरहा
मधेश प्रदेश, नेपाल

सुखीपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखीपुर, सिरहा मधेश प्रदेश, नेपाल

प.सं.:-०८१/०८२

च.नं.:- ——

मिति:२०८१/०७/२९

विषय : तहवृद्धि/स्तरवृद्धि सम्बन्धी सूचना।

प्रस्तुत विषयमा मधेश प्रदेशको स्थानीय सेवा गठन तथा संचालन ऐन २०८१ को दफा २९ को उपदफा -१ र २ बमोजिम स्थानीय सेवामा कार्यरत सातौं , पाँचौ तहका कर्मचारीहरूको तहवृद्धि / स्तर वृद्धि गर्ने सम्बन्धि व्यवस्था भएकोले यस नगरपालिकामा कार्यरत स्थानीय तहमा नियुक्ति भएका कर्मचारीहरूले तहवृद्धि स्तर वृद्धि गर्ने प्रयोजनको लागि तपसिल बमोजिमका कागजात सहित २०८१ मङ्सिर मसान्त भित्र यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबै कर्मचारीहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

संलग्न गर्नुपर्ने कागजातहरू

१. तह वृद्धि हुनको लागि सम्बन्धित कर्मचारीको निवेदन
२. सुरु नियुक्तिको नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि
३. स्थानीय तहमा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपि (कर्मचारी समायोजन ऐन बमोजिम समायोजन भई आएका कर्मचारीको हकमा )
४. बढुवा / तहवृद्धि / तह कायम भएको पत्र
५. कम्तीमा आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

२०८१/०७/२९

.......................

महेश कुमार ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

महेश कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय , मधेश प्रदेश , जनकपुरधाम ।

श्री प्रदेश लोकसेवा आयोग ,मधेश प्रदेश, जनकपुरधाम ।

श्री राष्ट्रिय किताबखाना,हरिहरभवन, ललितपुर ।

✓ श्री सूचना प्रविधि शाखा : सुखीपुर नगरपालिका सिरहा। (उल्लेखित सूचना यस नगरपालिकाको वेव साईटमा प्रकाशन गर्नुहुन)

पुनश्च: मधेश प्रदेश सरकारको स्थानीय सेवा ( गठन तथा संचालन )ऐन, २०८१ को दफा २९ को उपदफा १ र २ मा भएको व्यवस्था र उपदफा ४ मा भएको व्यवस्था बमोजिम सूचना प्रकाशन गरिएको साथै सोही ऐनको दफा १५७ को उपदफा २ मा प्रदेश लोकसेवा आयोगवाट परामर्श लिएर मात्र तहबृद्धि सम्बन्धि निर्णय गर्नुपर्ने कानूनी प्रावधान भएकोले यस नगरपालिकाबाट च.नं ४४२ मिति २०८१/०७/२९ मा परामर्शको लागि पत्राचार भएको र प्रदेश लोकसेवा आयोग जनकपुरधामबाट परामर्श प्राप्त भएपछि तहवृद्धि र स्तरवृद्धि सम्बन्धि आवश्यक निर्णय हुनेछ।